# आर्थिक वर्ष २०७८/०७९ को

# योजना, कार्यक्रम तथा बजेट बक्तव्य

## याङवरक गाउँपालिका

थर्पु, पाँचथर

प्रदेश नं. १

२०७८

*श्रद्धेय अध्यक्षमहोदय, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु,  कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार सुरक्षा कर्मी ज्यूहरु*

संघीय र प्रदेश सरकारले आ.व. ०७८/०७९ को लागि आ-आफ्नो योजना कार्यक्रम तथा बजेट पेश गरिसकेकोले नेपालको संविधानको धारा ५९ को उपधारा ३ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ३ बमोजिम स्थानीय सरकारको हैसियतमा निर्वाचित भएर आएपछिको पाँचौ वर्ष आ.व.०७८/०७९ को योजना कार्यक्रम तथा बजेट पेश गर्ने संघारमा छौ । सिमित बजेटमा रही असिमित इच्छा आकांक्षालाई सम्बोधन गर्न निश्चय नै चुनौतिपूर्ण हुन्छ । तर राज्यले लिएको समृद्ध नेपाल सुखि नेपालीको नारालाई आत्मसाथ गर्दै अवसरको रुपमा अगाडी बढनुको विकल्प छैन ।  संविधान प्रदत्त हक अधिकार सहित गठित यस याङवरक गाउँपालिकाको बजेट तथा कार्यक्रम समितिको संयोजकको हैसियतले यस गरिमामय सभा समक्ष आर्थिक वर्ष ०७८/०७९ को वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न प्रस्तुत भएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । साथै हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना महामारीबाट हाम्रो देश नेपालमा पनि अक्षुतो रहन सकेन यस कोभिड महामारीबाट मृत्यु हुने सबै नेपालीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र उक्त रोगबाट संक्रमित सबैमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

लामो समयसम्म निर्वाचित जनप्रतिनिधी नभएको अवस्थामा यस गाउँपालिकाका विविध समस्या, चुनौति र अवसरहरु छन भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ, त्यस तर्फ हाम्रो समूह प्रतिबद्धताका साथ लागिपर्ने नै छ । लामो समय पश्चात् भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा याङवरक वासीको इच्छा र आवश्यकतालाई  सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७८/०७९ को बार्षिक योजना कार्यक्रम तथा बजेट यस सम्मानित सभा मार्फत् समग्र याङवरक गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी

निकायहरु, नागरिक समाजका अभियान्ताहरु, शिक्षक, सम्पूर्ण कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म आगामी आ.व. २०७८/०७९ को वार्षिक योजना कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**क) आर्थिक क्षेत्र**

१. कृषिलाई याङवरकको आकर्षण, कृषिमा आधारित पर्यटन भन्ने दिर्घकालिन सोचलाई सार्थक बनाउन कृषि व्यवसायलाई आधुनिकीकरण तथा यान्त्रीकरण सहित उत्पादकत्व वृद्धि तथा आय स्रोतको मूख्य आधार वनाउन आगामि आर्थिक वर्षमा कृषिक्षेत्रका लागि विभिन्न योजना तथा कार्यक्रमहरुकालागि आवश्यक रकम विनियोजन गरेकोछु । शत प्रतिशत अनुदानमा मागमा आधारित तरकारी मिनिकिट वितरणका लागि रु २ लाख ७५ हजार विनियोजन गरेकोछु । ८० प्रतिशत अनुदानमा मागमा आधारित मौसमि तथा बेमौसमि तरकारीको विउ वितरणको लागि रु ७ लाख विनियोजन गरेकोछु । ७० प्रतिशत अनुदानमा कृषक समुहहरुलाई हातेट्याक्टर वितरणका लागि रु ७ लाख विनियोजन गरेकोछु । गाउँपालिका स्तरीय नर्सरी व्यवस्थापन, कृषकहरुलाई घुम्ति तालिम तथा अभिमुखिकरण कार्यक्रम, लगायत कृषि क्षेत्रको समग्र विकासको लागि आगामि आर्थिक वर्षका लागि रु ७१ लाख ११ हजार विनियोजन गरेकोछु ।

२. गुणस्तरीय स्वच्छ र दिगो पशुपन्छीजन्य उत्पादन, सुरक्षासहितको खाद्य सम्प्रभुता कुपोषणको समस्या न्यूनीकरण, स्वच्छ एवम् गुणस्तरीय पशुपन्छीजन्य उत्पादनका माध्यमबाट याङवरकलाई आर्थिक, खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ पशुपन्छी क्षेत्रका लागि वडा तथा गाउँपालिका स्तरमा विभिन्न योजना तथा कार्यक्रमकालागि आवश्वयक रकम विनियोजन गरेकोछु । पशुरोगको निदान तथा उपचार सेवाका लागि रु ७ लाख ९८ हजार, सबै वडामा प्राविधिक जनशक्ति विस्तारका लागि रु १३ लाख ५० हजार, कृतिम गर्भाधान कार्यक्रमलाई रु ६ लाख विनियोजन गरेको छु । पशुपन्छी क्षेत्रको समग्र विकासको लागि रु ५२ लाख ७० हजार विनियोजन गरेको छु ।

३. बजार अनुगमनलाई प्रभावकारी बनाउन कालोबजारी नियन्त्रण गर्न र बजारमा देखिने अस्वश्थ प्रतिस्पर्धालाई नियमन गर्न नियमित बजार अनुगमनको लागि रु ५० हजार विनियोजन गरेकोछु ।

४. याङवरकलाई प्रदेश नं. १ को  आकर्षक पर्यटन स्थलहरू मध्येको एक बनाउने सोचलाई साकार पार्न तथा पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर सृजना गर्न पर्यटन प्रवर्द्धन तथा पूर्वधार विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु । याङवरक गाउँपालिकाकै आकर्षकको रुपमा रहेको निशान कालीकाधाम तथा याङवरक पोखरी संरक्षण योजना संघीय सरकारसँगको साझेदारीमा तिन वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरि यसै वर्ष निर्माण कार्य थालनि गरिनेछ । यस योजनाको लागि साझेदारी रकम रु ५० लाख विनियोजन गरेकोछु, याङवरक ३ को चरिभञ्याङमा गेट निर्माणको लागि रु ५ लाख, गुप्तेश्वर महादेव स्थान मन्दिरको डि.पि.आर गर्न रु २ लाख विनियोजन गरेकोछु । पर्यटन क्षेत्रको विकासका लागि रु ५७ लाख ६५ हजार विनियोजन गरेकोछु ।

५. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकरीहरुलाई नियमन गरि सहकारीको प्रवर्द्धन र विकास गर्न रु ८ लाख ५० हजार विनियोजन गरेकोछु ।

**ख. सामाजिक विकास क्षेत्र**

१. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारकालागि शिक्षक, कर्मचारी तथा स.का. हरुको क्षमता विकास गर्न तालिम कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । विद्यालय कर्मचारी तथा स.का. हरुलाई श्रम ऐनले तोके बामोजिमको मासिक न्यूनतम पारिश्रमिक रु १५ हजार कायम गर्न संघीय सरकार सर्शत अनुदानबाट प्राप्त रु ८ हजारमा यस गाउँपालिकाले रु ७ हजार थप गरेकोछ । यसका लागि आवश्यक पर्ने रकम रु ७५ लाख विनियोजन गरेकोछु ।

२. विष्णु मा.वि. च्याङथापुमा आवासीय छात्रवृत्ति संचालनका लागि रु १२ लाख विनियोजन गरेको छु ।

३. शिक्षक कर्मचारीहरुको अभिलेख व्यवस्थापन, पालिकास्तरीय नवप्रतिभाको खोजि कार्यक्रम, माध्यमिक विद्यालयहरुको समीक्षा कार्यक्रम लगायतका समग्र शैक्षिक क्षेत्रका योजना तथा कार्यक्रमका लागि रु १ करोड ५९ लाख ३५ हजार विनियोजन गरेको छु ।

४. विश्वव्यापिरुपमा देखिएको कोरोना भाइसरको महामारीलाई रोकथाम तथा नियन्त्रण गर्न आकस्मिक कोषमा रहने गरी रु ३० लाख विनियोजन गरेकोछु र कोरोना लागायत अन्य रोग नियन्त्रण गर्न रु ४ लाख विनियोजन गरेको छु ।

५. नेपाल सरकारले निःशुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएका औषधी स्वास्थ्य संस्था मार्फत जनतालाई निःशुल्क उपलब्ध गराउन रु १८ लाख ५० हजार विनियोजन गरेको छु ।

६. यु.एस.जी. सेवालाई निरन्तरता दिन, रक्त संचार सेवालाई संचालन अनुदान, स्वास्थ्य चौकी थर्पु र च्याङथापुमा ल्याव संचालन लगायतका कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७. जटिलताका कारण बर्थिङ सेन्टरबाट प्रेषण हुने गर्भवती तथा सुत्केरी आमाहरुको लागि एम्बुलेन्स खर्चको लागि रु १ लाख विनियोजन गरेको छु ।

८.महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई साविक बमोजिम नै खाजा भत्ता उपलब्ध गराउन रु ८ लाख १० हजार विनियोजन गरेको छु ।

९. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको लागि पोषण आहार र घ्यू वितरण र प्रोटोकल अनुसार नियमित गर्भवती तथा सुत्केरी जाँच गर्ने आमाहरुको लागि प्रोत्साहन स्वरुप अण्डा तथा आयोडिन नून वितरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१०. प्रदेश सरकार सँगको साझेदारीमा संचालन गर्ने गरि निशूल्क दन्त उपहार कार्यक्रमको लागि रु ५ लाख र आयुरवेद स्वास्थ्य कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरेकोछु

१०. समग्र स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र पँहुचयोग्य बनाउन कुल ९८ लाख २५ हजार विनियोजन गरेको छु

११. आम जनताको घरमा स्वच्छ तथा सफा खानेपानीको पँहुच सुनिश्चित गर्नका लागि गाउँपालिका तथा वडा स्तरबाट नयाँ खानेपानी योजना निर्माण तथा पुराना खानेपानी योजनाहरुको मर्मत संभारका लागि आवश्यक रकम विनियोजन गरिएको छु ।

१२. चिण्डे असिने बृहत खानेपानी आयोजनाको निर्माण सम्पन्न हुने कार्य अन्तिम चरणमा पुगेकाले यस योजनालाई सम्पन्न गर्न नपुग रकम रु ६ लाख बिनियोजन गरेकोछु । खानेपानी तथा सरसफाई योजनाहरु सम्पन्न गर्न रु १० लाख विनियोजन गरेकोछु ।

१३. संघीय सरकार विषेश अनुदान मार्फत केरावारी लुम्बु ठोट्ने बृहत खानेपानी आयोजनाको निर्माण सम्पन्न गरिनेछ । साथै वडा नं. ५ मा संघीय सरकार विषेश अनुदान मार्फत सम्पन्न हुनेगरी सिम्ले, निगाले, इम्बुङधारा, कामीटार, याङसीबुङ बृहत खानेपानी योजनाको लागि रु १ करोड २९ लाख प्राप्त भएकाले उक्त योजनाको निर्माण कार्य सम्पन्न गरिनेछ ।

१४. खानेपानी तथा सरसफाई योजनाको लागि कूल बजेट रु ५८ लाख १० हजार विनियोजन गरेको छु ।

१५. साँस्कृतिक प्रवर्द्धन अन्तरगत धर्म संस्कृति, भेषभुसा संरक्षण र प्रवर्द्धनका लागि रु १५ लाख ९० हजार विनियोजन गरेको छु ।

१६. खेलकुद तथा मनोरञ्जन अन्तरगत गाउँपालिकाभित्र विभिन्न खेलकुद कार्यक्रम संचालन गर्नका लागि रु ८ लाख विनियोजन गरेको छु ।

१७. बोझ्फेधारा खेलमैदान निर्माणका लागि रु १५ लाख र याङवरककै गौरवको रुपमा रहेको मल्टीप्रपोज कवर्डहल संघीय सरकारको साझ्फेदारीमा आगामि २ वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न साझ्फेदारीका लागि गाउँपालिकाबाट रु ५० लाख विनियोजन गरेको छु ।

१८.खेलकुद क्षेत्रको पूर्वाधार विकास र खेलकुद कार्यक्रमको विकासमा कुल ८२ लाख ६३ हजार विनियोजन गरेको छु ।

१९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तरगत युवा लक्षित स्वरोजगार तालिम , अपाङ्गता लक्षित सीपमुलक तालिम, जनजाती लक्षित सीपमुलक तालिम, महिला ढाँका बुनाइ तालिम, दलित लक्षीत कार्यक्रम, बालमैत्री कार्यक्रम, जेष्ठ नागरिक सम्मान र परिचय-पत्र वितरण वडा नं. ३ अति विपन्नहरुका लागि जस्तापाता वितरण कार्यक्रम, एन.एल.आर नेपाल सँगको साझ्फेदारीमा संचालित समावेशी विकास कार्यक्रम लगायत वडा स्तरीय र गाउँपालिका स्तरीय कार्यक्रमका लागि कूल बजेट रु ६६ लाख ६३ हजार विनियोजन गरेको छु ।

**ग. पूर्वाधार विकास क्षेत्र**

१. सम्पूर्ण वडाका वाडा स्तरीय सडक निर्माण तथा मर्मत योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु । समग्रमा सडक निर्माण स्तरोन्नती र मर्मतका लागि रु १ करोड ६१ लाख ६० रुपैया विनियोजन गरेको छु ।

३. साना सिंचाई कार्यक्रम सँगको साझ्फेदारीमा आगामि वर्ष विभिन्न ८ वटा सिचाई योजनाहरु सम्पन्न गरिनेछ । सो का लागि साझ्फेदारी रकम रु १ करोड समपुरक कोषमा रहने गरि विनियोजन गरेकोछु ।

४. यस गाउँपालिकाको गौरवको रुपमा रहेका गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु ५० लाख , वडा नं. २ को वडा कार्यालय भवन निर्माणको लागि रु ९७  लाख, वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि संघीय सरकारको समपुरक अनुदान रु ७३  लाख वडा नं. २ फलैंचा स्वास्थ्य चौकी ब्रथिङ सेन्टर भवन निर्माणको लागि रु २५ लाख, ओयाम स्वास्थ्य चौकी भवन निर्माणको लागि रु १८ लाख, विनियोजन गरेको छु । समग्र भवन तथा सहरी विकासका लागि रु २ करोड १३ लाख ९५ हजार रकम विनियोजन गरेकोछु

**घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

१. ग्याविङ तारजालि र खानेपानी पाइप खरिदको लागि रु ८ लाख ५० विनियोजन गरेको छु

२. सुनुवार गोलाई देखि गणेशचोक हुदै थर्पु बजारसम्मको फोहोरमैला तथा ढल व्यवस्थापनको लागि  रु ३ लाख विनियोजन गरेको छु ।

३. जस्तापाता खरिद तथा वितरणको लागि रु १० लाख विनियोजन गरेकोछु ।

४. विपद व्यवस्थापनको लागि २१ लाख ९५ हजार ४ सय विनियोजन गरेको छु ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

१. यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयबाट गरिने सेवा प्रवाहलाई छिटो छरितो र प्रविधिमैत्री बनाउनका लागि कार्यालयमा आवश्यक पर्ने मेसिन उपकरण, सवारी साधन, फर्निचर खरिदको लागि २२ लाख २२ हजार ८ सय विनियोजन गरेको छु ।

२. थर्पु बजारको सुरक्षालाई प्रभावकारी बनाउनको लागि सि.सि. क्यामरा मर्मत गर्नको लागि रु ३ लाख विनियोजन गरेको छु । साथै च्याङथापु र गणेश चोक बजार क्षेत्रमा सि.सि. क्यामरा जडान गर्नका लागि रु ९ लाख विनियोजन गरेकोछु ।

३. यस गाउँपलिकालाई सूचना प्रविधिमैत्री बनाउनको लागि फ्रि-वाइफाई जोन व्यवस्थापन, आवश्यक सफ्टवेयर खरिद तथा नविकरण साथै याङवरक गाउँपालिकाको मुखपत्र प्रकाशनको लागि रु ५ लाख ४१ हजार ८ सय विनियोजन गरेको छु ।

४. यस गाउँपालिकाको गौरव नेपालको सातौ पाँचथर जिल्लाको पहिलो पूर्ण अनलाइन व्यक्तिगत घटना दर्तालाई दिगो तथा अझ प्रभावकारी बनाउनको लागि रु १ लाख विनियोजन गरेको छु ।

५. कर्मचारीहरुको अभिलेख व्यवस्थापन, घरधुरी सर्वेक्षण र नागरिक वडापत्रकोलागि रु ३ लाख विनियोजन गरेको छु ।

६. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयबाट सम्पादन भएको कार्यहरुलाई पारदर्शी र जनउत्तरदायी बनाउनको लागि सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, वार्षिक तथा अर्धवार्षिक समीक्षा गोष्ठी, उपभोक्ता समतिलाई तालिम, न्यायिक समितिको लागि मेलमिलाप कर्ताहरुलाई पुनर्ताजगि तालिमको लागि रु १२ लाख ५० हजार विनियोजन गरेको छु ।

७. गाउँपालिका भित्रको अनुसन्धान तथा विकासको लागि यस गाउँपालिकाको वृत्त चित्र निर्माण तथा विकास बुलेटिनको लागि रु ५ लाख, गाउँपालिका भित्रका, पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिमको लागि रु ४ लाख, सरोकारवालाहरुलाई कर तथा राजश्व सम्बन्धी अभिमुखिकरण कार्यक्रमको लागि रु २ लाख विनियोजन गरेको छु ।

८. जनप्रतिनिधिको सेवा सुविधाका लागि प्रदेश कानुन बमोजिम हुने गरी आवश्यक रकम विनियोजन गरको छु ।

९. कर्मचारीहरुको खाइपाई आएको तलब भत्तामा संघीय सरकारले बढाए सरहनै हुनेगरि मासिक रु २ हजार बृद्धि गरेकोछु सो को लागि आवश्यक रकम विनियोजन गरकोछु ।

१०. दरबन्दि अनुसारका कर्मचारीहरुको अभावका कारणले गाउँपालिकामा रहेका सिमित कर्मचारीहरुबाट सेवा प्रवाह गर्नु पर्ने भएकाले कार्यबोझलाई समेत मध्यनजर गदै, कर्मचारीहरुको सामाजिक सुरक्षालाई समेत सुचिश्चित गर्न तथा कर्मचारीहरुलाई प्रोत्साहान गर्न वार्षिकरुपमा हरेक

वर्षको कात्तिक महिनामा भुक्तानि गर्ने गरि खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम एकमुष्ठ औषधी उपचार खर्च बापत उपलब्ध गराइनेछ । सो का लागि आवश्यक रकम विनियोजन गरेकोछु । साथै गाउँपालिकामा कार्यरत तोकिए बमोजिमका इन्जिनियरिङ सेवाका प्राविधिकहरुलाई साविक बमोजिमनै आगामि आ.व.मा फिल्ड भत्ता उपलब्ध गराउन आवश्यक बजेटको विनियोजन गरेको छु । साथै सवारी चालकलाई कार्यपालिकाले तोके बमोजिमको फिल्ड भत्ता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

११. जनप्रतिनिधी,  करार र अस्थाई कर्मचारीहरुको जिवन विमा कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि जनप्रतिनिधि तथा करार र अस्थाई कर्मचारीहरुले व्यक्तिगत जिवन विमा गरी विमा पोलिसि र प्रिमियम तिरेको रसिद पेश गरेमा वार्षिक प्रिमियमको अधिकतम रु ९६००।- (नौ हजार छ सय मात्र) एकमुष्ट सोधभर्ना दिइने छ । सो को लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१२. चालु आर्थिक वर्ष समाप्त भए पश्चातमात्र गाउँपालिकाको आर्थिक कारोवारको हिसाव मिलान हुनजाने भएकाले त्यसरी हिसाव मिलान भई बचत हुन सक्ने नगदलाई अ.ल्या. गरि आगामि आर्थिक बर्षको भैपरि पूँजिगत र भैपरि चालु जगेडाकोषमा राखी कार्यपालिकाले आवश्यक योजना तथा कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म समग्र आय व्ययको अवस्था प्रस्तुत गर्दछु ।

क) आय तर्फः-

१. संघीय सरकारबाट सामानिकरण अनुदान- रु. ९ करोड २४ लाख

२. संघीय सरकारबाट सर्शत अनुदान- रु. २२ करोड ९८ लाख

३. संघीय सरकारबाट राजश्व बाँडफाँड- रु. ७ करोड ४ लाख ४८ हजार

४. प्रदेश सरकार सामानिकरण अनुदान- रु. ५१ लाख ६६ हजार

५. प्रदेश सरकार राजश्व वाँडफाँड- रु. ४० लाख ७८ हजार ८ रुपैया

६. याङवरक गाउँपालिका आन्तरिक राजश्व- रु. ४५ लाख

७. आ.व. २०७७/०७८ को नगद मौजाद रु ९७ लाख ६ हजार

८. अन्य आय एन.एल.आर. नेपालबाट प्राप्त अनुदान रु ७ लाख

९. संघीय सरकार विषेश अनुदान रु १ करोड २९ लाख

१०. संघीय सरकार समपुरक अनुदान रु २ करोड ७४ लाख

कुल आय ४५ करोड ७० लाख ९८ हजार ८ रुपैया ।

ख) व्यय तर्फः-

१. प्रशासनिक तथा संचालन खर्च- रु. ५ करोड ४४ लाख

२. कार्यक्रम तथा योजना खर्च (चालु + पूँजीगत) - रु. ४० करोड २६ लाख ९८ हजार ८ रुपैया ।

**श्रद्धेय अध्यक्ष महोदय,**

हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र याङवरकवासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

अन्त्यमा वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय अध्यक्ष ज्यू, सम्पुर्ण वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्यूहरु, राजस्व परामर्श समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु, लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने भद्र भलाद्मी, बुद्धिजिबी तथा सम्पूर्ण याङवरकवासी जनतामा  हार्दिक धन्यवाद ज्ञापन गर्द छु ।

धन्यवाद ॥

मिति : २०७८ असार ०९ गते बुधवार

प्रस्तुतकर्ता

कमल कुमारी योङहाङ

गाउँपालिका उपाध्यक्ष

तथा

बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक